# हरियो वन कार्यक्रम

## आन्तरिक सुशासन प्रवर्धन विधि १

### सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षण




प्राकृतिक स्रोत व्यवस्थापन समूहहरुको आन्तरिक सुशासनलाई सुदृढ पार्ने कार्य हरियो वन कार्यक्रमको विभिन्न संभागहरुमा अन्तरसम्बन्धित विषय हो । यो निकै महत्वपूर्ण छ किनभने ग्रामीण क्षेत्रमा बसोबास गर्ने नेपालका धेरैजसो मानिसहरु आफ्नो जीविकोपार्जन र कल्याणका निमित्त वन सम्पदामा निर्भर छन् । वन सम्पदा भन्नाले दाउरा, स्वच्छ पानी, घरगोठ बनाउने सामग्री, गाईवस्तुलाई घाँस र औषधीजन्य जडीबुटीका साथै बाढी र पहिरोबाट जोगिने पारिस्थितिकीय सेवालाई बुझ्नुपर्छ । त्यसमा पनि गाउँका विपन्न वर्गका मानिसको वन सम्पदा माथि ठूलो चाप छ किनभने यस बाहेक उनीहरुको अरु विकल्प पनि छैन । तथापि वन सम्पदाको व्यवस्थापन कसरी गर्ने र दिगो वन व्यवस्थापनका फाइदालाई कसरी समानुपातिक रुपमा वितरण गर्ने भन्नेबारे उनीहरु कमै जान्दछन् ।

आन्तरिक सुशासनले प्राकृतिक स्रोत व्यवस्थापन समूहहरु, सामुदायिक संगठनहरु लगायत नेतृत्वदायी तहमा बसेका व्यक्तिहरुको क्षमता वृद्धि गर्छ र यस्ता कार्यक्रममा महिला तथा सीमान्तकृत समूहको सहभागिता बढाउँछ । फलस्वरुप प्राकृतिक स्रोतको समान वितरण हुन्छ र फाइदा पनि समान रहन्छ । सामुदायिक वन विकास कार्यक्रम मार्गदर्शन, २०६५ मा उल्लेख भए बमोजिमका विभिन्न विधि र औजारहरुको प्रयोगबाट नै आन्तरिक सुशासनको सुदृढीकरण सम्भव छ । हरियो वन कार्यक्रमले प्रयोग गर्ने यी ३ विधि सामुदायिक वन विकास कार्यक्रम मार्गदर्शन २०६५ मा उल्लेखित छन् । ती हुन्:

**विधि १ :** सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षण
**विधि २ :** सहभागितामूलक सम्पन्नता स्तरीकरण
**विधि ३ :** सहभागितामूलक सुशासन आँकलन

हरियो वन कार्यक्रमले प्रयोग गर्ने विभिन्न विधि मध्ये सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षण पनि एक हो । सबै सामुदायिक वन उपभोक्ता समूहको आन्तरिक सुशासन प्रवर्धनका लागि सामुदायिक वन विकास कार्यक्रम मार्गदर्शन २०६५ ले यस विधिलाई बाध्यात्मक व्यवस्था गरिदिएको छ। उक्त मार्गदर्शनमा (अध्याय ५, धारा ५.२, पृष्ठ १७ र १८) निम्न बुँदा उल्लेखित छः 'सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षण घटीमा पनि वर्षको १ पटक आयोजना गर्नुपर्दछ । यसको उद्देश्य उपभोक्ता समूहका उपभोक्ताहरुलाई सामूहिक कार्यक्रम, आम्दानी, खर्च, वन पैदावारहरुको बिक्री-वितरण एवं सामूहिक निर्णय र त्यसको कार्यान्वयन सम्बन्धी जानकारी गराउनु हो ।' यस कुरालाई मनन गर्दै र सगुन[1] कार्यक्रममा गरिएका राम्रा अभ्यास र सिकाइहरुलाई अवलम्बन गर्दै हरियो वन कार्यक्रमले पनि सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षणको विधि अपनाउने प्रतिबद्धता व्यक्त गरेको छ।

**सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षण के हो ?**

सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षण भनेको कुनै पनि समूह तथा संस्थाको पारदर्शिता र जिम्मेवारीलाई सुदृढ गर्न अपनाइने एउटा सहभागितामूलक प्रक्रिया हो । यस प्रक्रिया अनुसार सहजकर्ताका रुपमा काम गर्ने स्थानीय स्तरका स्रोत व्यक्तिको सहयोगमा वन उपभोक्ता समूहले आफ्ना गतिविधि सञ्चालन गर्छ। सूचनाको आदान प्रदान तथा प्रश्नोत्तर विधिबाट यसले उपभोक्ता समूहका सदस्य (अधिकारवाला व्यक्तिहरु) र उपभोक्ता समूहको कार्यकारिणी सदस्य (कर्तव्यपालक व्यक्तिहरु) लाई कार्य सम्पादनको आपसी मूल्याङ्कनका निम्ति अनुमति दिन्छ। सार्वजनिक सुनुवाइका क्रममा व्यवस्थापन सम्बन्धी निर्णय प्रक्रिया र त्यसबाट प्राप्त नतिजाको मूल्याङ्कन गरिन्छ। र सार्वजनिक लेखापरीक्षणमा वित्तीय कारोवार एवम् कोषको अवस्थाको समीक्षा गरिन्छ । यी दुवै प्रक्रिया सामान्यतया वर्षको १ पटक सञ्चालन गरिन्छन्। सार्वजनिक सुनुवाइ र सार्वजनिक लेखापरीक्षण गर्दा आएका सवालहरु तथा सिफारिश गरिएका विषयलाई क्रमिक रुपमा कार्यान्वयन गरिन्छ । आवधिक रुपमा पुनरावलोकन तथा समीक्षा गरिन्छ । अर्को बर्षको सार्वजनिक सुनुवाइ तथा लेखापरीक्षणमा फेरि ती विषयको समीक्षा गर्नुपर्दछ।

**सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षण कार्यक्रम किन सञ्चालन गर्ने ?**

सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षण निश्चित मान्यतामा आधारित हुन्छ । यस सम्बन्धमा कर्तव्यपालक र अधिकारवाला व्यक्तिहरुले सुशासनको सिद्धान्तलाई आत्मसात् गर्दै सोही किसिमको व्यवहार गरेको खण्डमा मात्र विकास सम्बन्धी पहलहरु दीर्घकालीन र न्यायपूर्ण हुन सक्छन् भन्ने मान्यता छ। सार्वजनिक सुनुवाइ र सार्वजनिक लेखापरीक्षण प्रक्रियाले उपभोक्ता समूह र कर्तव्यपालक व्यक्तिका बीचमा नियमित र खुला अन्तरक्रिया गराएर न्यायपूर्ण सहभागिता, पारदर्शिता र जवाफदेहिता स्थापना गर्ने र सहज वातावरण निर्माण गर्ने लक्ष्य लिएको छ।

---

[1] *प्राकृतिक स्रोत व्यवस्थापनमा सुशासन (सगुन) कार्यक्रम (२००२-२००६)*

यसले सीमान्तकृत समुदायका वन उपभोक्तालाई महत्वपूर्ण निर्णय लिने प्रक्रियामा सक्रिय सहभागी हुने अवसर पनि प्रदान गर्छ। सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षणको समग्र उद्देश्य भनेको समुदायका सदस्यलाई सुशासनका सिद्धान्त प्रति जानकार बनाएर र सुशासनको अभ्याससँग संलग्न गराएर उनीहरुलाई प्राकृतिक स्रोत व्यवस्थापन समूहहरुको आन्तरिक सुशासन सुदृढीकरणमा सक्षम तुल्याउनु हो। यस्तो अभ्यासबाट पैदा हुने सहभागितामूलक निर्णय गर्ने प्रक्रियाले प्राकृतिक स्रोतको प्रभावकारी व्यवस्थापनलाई टेवा पुऱ्याउँछ, समुदाय र पारिस्थितिकीय प्रणालीमा नवीन उर्जा थप्छ।

## सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षणको प्रक्रिया

यस प्रक्रियाका ३ चरण छन्:

**क) प्रारम्भिक चरण**

यस चरण अन्तर्गत कार्यक्रमका कर्मचारी र सहजकर्ताहरुले कार्यकारिणी समितिका सदस्यहरु र उपभोक्ता समितिका सदस्यहरुलाई सार्वजनिक सुनुवाइ एवं सार्वजनिक लेखापरीक्षणको उद्देश्य र प्रक्रियासम्बन्धी अभिमुखीकरण बैठकमा बोलाउँछन्। कार्यकारिणी समितिका सदस्यहरुलाई त्यो प्रक्रिया सुमधुर तवरले अघि बढोस् भन्नका निमित्त जानकारी सङ्कलन गर्न लगाइन्छ। यहाँ जानकारी भन्नाले वन उपभोक्ता समूहको विधान तथा कार्ययोजनाका प्रावधानहरु; अघिल्ला बैठकहरु र सभाका निर्णय पुस्तिका; जिन्सी सामानको अभिलेख, र अघिल्ला लेखापरीक्षणका अभिलेख भन्ने बुझ्नुपर्छ। बैठकको मिति, समय र स्थान सबैको सहमतिमा तोकिन्छ र निमन्त्रणा पत्र पठाइन्छ। यस प्रक्रियामा घटीमा पनि कूल वन उपभोक्तामध्ये ७५% उपस्थित हुने प्रबन्ध मिलाइएको हुन्छ। महिला, विपन्न वर्ग, सीमान्तकृत जाति र जनजाति मध्येबाट सकभर बढी सहभागिता होओस् भन्नेमा जोड दिइन्छ। अन्य सरोकारवालाहरुलाई पनि पर्यवेक्षकका रुपमा उपस्थित हुन आमन्त्रण गरिन्छ।

**ख) सार्वजनिक सुनुवाइ र सार्वजनिक लेखापरीक्षणको चरण**

यस चरणमा कार्यकारिणी समितिका सदस्यहरु र उपभोक्ता समूहका सदस्यहरु आमुन्ने सामुन्ने हुने गरी बस्छन्। सहजकर्ता र आमन्त्रित पर्यवेक्षकहरु अङ्ग्रेजी 'U' आकार (अर्धगोलाकार) बन्ने गरी दायाँ र बायाँ बस्छन्। अन्तरक्रियात्मक कार्यक्रमलाई सहज हुने गरी सहजकर्ताले छलफल अघि बढाउँछन्। एकजना सहभागीले बैठकको निर्णयलाई लिखित रुप दिन्छन्। यस प्रक्रियालाई २ खण्डमा बाँडिएको हुन्छ – पहिलो सार्वजनिक सुनुवाइ र दोस्रो सार्वजनिक लेखापरीक्षण। सहभागीहरुको इच्छाबमोजिम यी दुईको क्रम फेरबदल हुनसक्छ। सार्वजनिक सुनुवाइका क्रममा कुनै पनि समूहको योजनाको कार्यान्वयनस्तर, प्रक्रिया र निर्णयको मूल्याङ्कन गरिन्छ भने सार्वजनिक लेखापरीक्षणले आर्थिक कारोबारको पारदर्शिता र उपयुक्तता कायम भए-नभएको हेर्दछ। सहजकर्ताले छलफलमा महिला, विपन्न व्यक्ति, सीमान्तकृत जाति र जनजाति समूहको सक्रिय सहभागिता जुटाउन प्रयत्न गर्दछ। यसका साथै उनीहरुको सुझाव र आकाङ्क्षाप्रति सम्मान देखिने गरी निर्णय गराउनुपर्छ।

**ग) अनुगमन**

उपभोक्ता समूह र कार्यकारिणी समितिका सदस्यहरु लगायत सरोकारवालाहरुलाई सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षण पछि भएका निर्णयका बारेमा निरन्तर चासो दिई रहनुपर्ने कुरा सम्झाउनुपर्छ। यसका साथै अनुगमनात्मक क्रियाकलापको अभिलेख राखेर आगामी सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षणका क्रममा प्रस्तुत गर्नुपर्छ। हरियो वन कार्यक्रमले यस विधिमा आधारित भएर यसको कार्यान्वयन पक्षमा अझै सुधार गर्नुपर्छ। यसको कार्यान्वयन पक्ष भन्नाले निश्चित भू-परिधिमा कार्यरत विभिन्न प्राकृतिक स्रोत व्यवस्थापन समूह बीचको अन्तरसम्बन्ध तथा परस्पर निर्भरतालाई बुझ्नुपर्छ।



© केयर नेपाल, हरियो वन कार्यक्रम/देव राज गौतम

*"हरियो वन नेपालको धन" भन्ने प्रचलित नेपाली उखानबाट प्रेरित भएर "हरियो वन कार्यक्रम" नामाकरण गरिएको हो। युएसएड द्वारा आर्थिक सहयोग प्रदान गरिएको यस कार्यक्रमको उद्देश्य जलवायु परिवर्तनका नकारात्मक प्रभावहरु र जैविक विविधतामा हुने जोखिमहरु न्यूनीकरण गर्नु, वनको संरक्षण र पुनरुत्थान गरी महिला, गरीब तथा वनमा आश्रित समुदायको जीवनयापनमा सघाउ पुऱ्याउनु तथा मानव र पारिस्थितिकीय प्रणालीमा जलवायु परिवर्तनबाट हुने प्रभावहरुसँग सामना गर्न सक्ने क्षमता वृद्धि गर्नु रहेको छ। यस उद्देश्य पूर्तिका लागि सरकार, समुदाय, नागरिक समाज र निजी क्षेत्रसँगको सहकार्य आवश्यक छ। यस कार्यक्रमले मानव र प्रकृति बीचको सम्बन्धलाई विशेष आधार बनाएको छ र दुवैको हितका लागि काम गर्दछ। यस कार्यक्रममा विशेषत: ३ अन्तर्निहित संभाग छन्- जैविक विविधता संरक्षण, रेड प्लस लगायतका पारिस्थितिकीय सेवा शुल्क भुक्तानी र जलवायु परिवर्तन अनुकूलन। यसका साथै यस कार्यक्रमले दिगो जीविकोपार्जन, सुशासन र लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता महत्वपूर्ण पक्षहरुलाई समेत समेटेको छ। हरियो वन कार्यक्रम डब्लु डब्लु एफ नेपालको प्रमुख साझेदारीमा केयर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ र राष्ट्रिय प्रकृति संरक्षण कोषको सहकार्यमा कार्यान्वयन गरिएको छ।*


डब्लु डब्लु एफ नेपाल, पो ब नं: ७६६०
बालुवाटार, काठमाडौं, नेपाल
फोन: +९७७१४४३४८२०, फ्याक्स्: +९७७१४४३८४५८
hariyobanprogram@wwfnepal.org
www.wwfnepal.org/hariyobanprogram



*डिस्क्लेमर: यो जानकारी पत्र अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (युएसएड) को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो। यसमा उल्लेखित विषयवस्तु हरियो वन कार्यक्रमका लागि डब्लु डब्लु एफ नेपाल, केयर नेपाल र अन्य साझेदारी संस्थाको जिम्मेवारी हो र यसले युएसएड तथा अमेरिकी सरकारको धारणा प्रतिनिधित्व गरेको मानिने छैन।*